आज मिति २०८० साल श्रावण १४ गते आईतबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८०/०८१ को पहिलो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

**आमन्त्रित :**

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री राकेश कुमार मेहता - ज.स्वा.नि., स्वास्थ्य शाखा-

श्री दिपक राज जोशी - स.कृ.प्र.अ., कृषि शाखा -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. करार तथा ज्यालादारी कर्मचारी सम्बन्धमा ।
३. लम्पी स्किन रोगको भ्याक्सिन खरिद सम्बन्धमा ।
४. गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति सम्बन्धमा ।
५. मोटर खरिद सम्बन्धमा ।
६. विद्युत लाईन विस्तार सम्बन्धमा ।
७. आ.व. २०७९/०८० को सार्वजनिक सुनवाई सम्बन्धमा ।
८. गा.पा.को एम्बुलेन्स संचालन सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७९/०८० का सबै कार्यपालिका बैठकका निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा करार सेवाबाट हटाइएका बाहेकका करार सेवामा कार्यरत कर्मचारीहरुको करार सेवा नविकरण गरी खाइपाई आएको तलब निरन्तरता दिने साथै ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई आ.व. २०८०/०८१ को जिल्ला दर रेट अनुसारको पारिश्रमिक दिने गरी निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल भरी नै महामारिको रुपमा पशुहरुमा फौलिएको लम्पी स्किन रोग नियन्त्रणको लागि तत्कालै विपद् व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी गर्नेगरी भ्याक्सिन खरिद गरी गाउँपालिका भरिका गाईवस्तुहरुमा यथाशिग्र भ्याक्सिन लगाउने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको तपसिल बमोजिम खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति (RM-WASH-CC) गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

अध्यक्ष - बेचन प्रसाद मेहता, गा.पा. अध्यक्ष
उपाध्यक्ष - कुमारी विभा यादव, गा.पा. उपाध्यक्ष
सदस्य - ७ वटै वडाका वडाध्यक्ष
सदस्य - स्वास्थ्य शाखा प्रमुख, देवानगञ्ज गा.पा.
सदस्य - खा.पा.स.टे., देवानगञ्ज गा.पा.

सदस्य - स्थानीय सुरक्षा निकाय प्रमुख
सदस्य - विद्यालय प्र.अ.(१ जना)- श्री अरबिन्द कुमार कर्ण, श्री मा.वि., देवानगञ्ज
सदस्य - खानेपानी उपभोक्ता समितिबाट मनोनित (१ जना)-श्री सिताराम मेहता
सदस्य - WASH क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था प्रतिनिधि (१जना)-श्री रन्जु मेहता
सदस्य - स्थानीय बुद्धिजिबी/समाजसेवी (१ जना)- श्री राकेश मेहता, देवानगञ्ज-२
सदस्य सचिव - रामराज पौडेल, प्र.प्र.अ., देवानगञ्ज गा.पा.

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकालाई आवश्यक १४१ थान साना सिचाई मोटर (२ एच.पि.को) खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकामा नेपाल विद्युत प्राधिकरण र गाउँपालिकाको साझेदारीमा कृषि विद्युतिकरण आयोजना निर्माणाधिन अवस्थामा रहेको र हाल इनरुवा सब स्टेशनबाट विद्युत विस्तार भएको तर गाउँपालिका क्षेत्रमा विद्युत भोल्टेज प्रभावकारीतामा नै जटिलता सिर्जना हुने तथा हरिनगर गाउँपालिकामा निर्माणाधिन सब स्टेशन निर्माण सम्पन्न हुन लामो समय लाग्ने भएकोले हाललाई निर्माणाधिन बर्जु सब स्टेशनबाट देवानगञ्ज गा.पा.सम्म ११ हजार भोल्ट लाईन निर्माण गरी देवानगञ्ज गा.पा. सम्म विस्तार गरिदिन विद्युत प्राधिकरण समक्ष सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं.७ माथि छलफल गर्दा आ.व. २०७९/०८० को आय/व्यय तथा सेवा प्रवाह सम्बन्धी सार्वजनिक सुनवाई मिति २०८०/०४/१९ गते दिनको २ बजे संचालन गर्ने तथा सो कार्यक्रममा गा.पा. अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., वडाध्यक्षहरु, शाखा प्रमुखहरु, वडा सचिव लगायत जनप्रतिनिधि तथा कर्मचारीहरु अनिवार्य उपस्थिति हुने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं.८ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको स्वामित्वमा रहेका ३ वटा एम्बुलेन्स तपसिल बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः**

१) हाल गा.पा. बाट संचालनमा रहेको एम्बुलेन्स गा.पा. बाटै संचालन गर्ने ।
२) हरियो रंगको एम्बुलेन्सलाई शव बहान बनाई गा.पा. बाटै संचालन गर्ने ।
३) सेता रंगको एम्बुलेन्स (सवारी नं.प्रदेश १-०२ ००१ झ ०७१४) रु.१५,०००/- मासिक न्यूनतम भाँडा निर्धारण गरी भाँडामा लगाउने ।